चिल्लाङका होमस्टे र रिसोर्टमा पर्यटकले भरिए । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-३५ ● २०७८ फागुन ३० गते सोमबार, ● 14 March 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा नारी दिवस मनाइयो

◆ विकास संवाददाता

आठ मार्च अर्थात ११२ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा थाहानगरमा आयोजित अन्तर सहकारी सन्देशमुलक सामूहिक गायन प्रतियोगितामा महिला जागृती उत्थान बचत तथा ऋण सहकारी संस्था लि. प्रथम भएको छ ।

थाहा नगरपालिकाले आयोजना गरेको प्रतियोगितामा विजेता भएसंगै महिला जागृतिले नगद २० हजार पुरस्कार तथा प्रमाणपत्र पाएको छ । प्रतियोगितामा थाहा-७ डाँडाबासमा रहेको कुटेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. द्वितीय भएको छ । कुटेश्वरीले नगद १० हजार नगद तथा प्रमाणपत्र पाएको छ भने थाहा-११ को टिष्टुङमा रहेको महिला शक्ती बचत तथा ऋण सहकारी संस्था लि. तृतीय भएको छ । महिलाशक्तीले नगद ५ हजार र प्रमाणपत्र हातपारेको छ ।

विजयी सहभागी तथा समूहलाई निर्णायकहरू संगीतकार तथा गायक ईश्वर खड्का तथा गायिका सोबिता गोपाली र कार्यक्रमका सभाध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक किरणमान बलले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा थाहानगर भित्र रहेका ७ वटा महिला सहकारीहरूले सहभागिता जनाएका थिए । उनीहरूले महिला हक अधिकार तथा राज्यको अङ्गहरूमा समान पहुँचको मागसहित सचेतनामुलक गित गाएका थिए ।

प्रतियोगितामा नगर भित्रका पुण्यश्री महिला बचत तथा ऋण सहकारी संस्था लि, लाली गुराँस महिला बहुउद्देश्यीय सहकारी संस्था लि., चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था लि., कुटेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि., चन्द्रागिरी महिला बचत तथा ऋण सहकारी संस्था लि., महिला शक्ति बचत तथा ऋण सहकारी संस्था लि. र महिला जागृती उत्थान सहकारी संस्था लि. को सहभागिता रहेको थियो ।

'सामाजिक न्याय र लैङ्गिक समानता, दीगो विकासको सुनिश्चितता' भन्ने मुल नाराकासाथ थाहा नगरपालिका सामाजिक विकास शाखा र महिला बालबालिका, ज्येष्ठ नागरिक तथा परिचयपत्र वितरण शाखाको आयोजनामा कार्यक्रम भएको

बाँकी पृष्ठ ६ मा

### स्थापना दिवसमा समिक्षा

# प्रगतिको बाटोमा बाख्रा विकास फार्म

विकास संवाददाता
थाहानगर



मकवानपुरको चित्लाङ बाख्रा विकास फार्मले ७८ औं फार्म दिवस बनाएको छ । वि.सं. २००१ मा सरकारले भेडा विकास फार्मको रूपमा स्थापना गरेको फार्मले २० फागुनमा दिवस मनाएको हो । बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री बसुन्धरा हुमागाईको प्रमुख आतिथ्यमा भएको समारोहमा बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास राज्यमन्त्री इन्द्रमायाँ गुरूङको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका मकवानपुरका अध्यक्ष जीवन लामा, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. मोगल प्रसाद शाह, पुर्व फार्म प्रबन्धक मेघराज ढकाललगायतकाको आतिथ्यता रहेको थियो । कार्यक्रममा थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकामा गठित कृषक समूहका अध्यक्ष तथा पदाअधिकारीहरू, जनप्रतिनीधि, संघसंस्थाका प्रतिनीधि र किसानहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

बागमती प्रदेशकै एक मात्र बाख्रा विकास फार्म प्रदेशकै बाख्रा उत्पदनको स्रोतको रूपमा रहेको कार्यक्रमका वक्ताहरूले बताएका थिए । पर्यटकीय क्षेत्रमा रहेको फार्मले विभिन्न चुनौतिकाबीच गरेको प्रगतीलाई कार्यक्रमका अतिथीहरूले समिक्षा र चर्चा गरेका थिए ।

### दुई कर्मचारीलाई पुरस्कार

फार्म दिवसको अवसरमा निरन्तर सेवारत दुई कर्मचारी पुरस्कृत गरिएको छ ।

स्थायी सेवा प्राविधिक तुलसीराम बास्तोला र चमेली रूम्बालाई जनही क्रमशः ५ हजार र २ हजार ५ सय नगदसहित पुरस्कृत गरिएको हो । लामो समयदेख फार्ममा कार्यरत उनीहरूको काम, अनुशासनलगायतको सूचकको आधारमा पुरस्कृत गरिएको फार्मका प्रबन्धक डाक्टर बब्लु डाकुरले बताए । कर्मचारीहरूलाई प्रोत्साहन गर्न यस किसिमको कार्यक्रम प्रभावकारी हुने डाक्टर ठाकुरको भनाइ छ ।

### यस्तो छ, चित्लाङ बाख्रा विकास फार्मको परिचय

चित्लाङ बाख्रा विकास फार्म समुद्री सतहबाट १ हजार ७ सय मिटरको उचाईमा रहेको छ । फार्म थाहा नगर पालिका वडा नम्बर १० र चरणक्षेत्र ईन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ मा फैलिएको छ । वि.सं.२००१ सालमा भेडा विकास फार्मको रूपमा स्थापना भएको यो फर्मलाई वि.सं. २०५८ सालबाट बाख्रा विकास फार्मको रूपमा विकास गरिएको हो । फार्मलाई मन्त्रीपरिषद बैठकले बाख्रा विकास फार्मको रूपमा नामाकरण गरेको हो ।

तीनसय ५ रोपनी क्षेत्रफलमा फैलिएको फार्मको जमिन भिर, पाखा, डाँडा, खोल्सा, चरन क्षेत्र र खेतवारीको संरचनामा समेत रहेको छ । स्थापनाको बेला स्थानीय 'कागे' जातका भेडापालनबाट फार्मले सेवा प्रारम्भ गरेको हो । आर्थिक वर्ष २०४३/०४४ बाट राम्बुलेट र मेरिनो जातका थुमाबाट प्रजनन् गराई उत्पादित वर्णशंकर पाठापाठीहरू ब्रिडर कृषकहरूलाई वितरण गर्दै आएको थियो । सरकारले संचालन गर्दै आएको उक्त फार्म वि.सं. २०५० भाद्र २० गतेबाट दश वर्षसम्म भाडामा सञ्चालन गर्न मकवानपुर मिट प्रोसेसिङ सेन्टरलाई हस्तान्तरण गरेको भएपनि त्यसको एकवर्ष बित्ने वित्तिकै वि.सं. २०५१ असोज १२ मा अत्यन्त जिर्ण अवस्थामा निजी क्षेत्रबाट पुनः सरकारको स्वामित्वमा फिर्ता ल्याइएको थियो । तत्कालिन सरकारकै निर्णयबाट फार्म भाडामा दिने र फिर्ता लिने दुवै निर्णय भएको दस्तावेज छ ।

विभागीय नीति अनुसार आ.व. २०५२।०५३ बाट सानन बाख्रा, अंगोरा खरायो र कक्सफुट घाँसको स्रोत केन्द्रको रूपमा फार्ममा कार्य भएको थियो । आ.व. ०५६।०५७ बाट भेडा हटाइए र पशु सेवा विभागको विभागीय निर्णय अनुसार वि.सं. २०५६ साउन १६ गतेबाट बाख्रापालनको शुरूवात भएको हो । मन्त्रीपरिषदको निर्णय अनुसार वि.सं. २०५८ सालबाट यस फार्मलाई विधिवत रूपमा बाख्रा विकास फार्ममा रूपान्तरित गरिएको थियो ।

संघीयता कार्यान्वयनसंगै वि.सं. २०७५ फाल्गुन १९ देखि यो फार्म बागमती प्रदेश सरकारको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतमा रही संचालन हुदै आएको छ ।

### दरबन्दीको आधा मात्र जनशक्ती

चित्लाङ बाख्रा विकास फार्मले दर बन्दी अनुसार जनशक्ती अभाव रहेको छ । फार्मले आयोजना गरेको ७८ औं फार्म दिवसको अवसरमा फार्मको अवस्थाको विषयमा प्रबन्धक डाक्टर बब्लु ठाकुरले गरेको प्रस्तुतिकरणमा यस्तो देखिएको हो ।

फार्मको १५ जना स्वीकृत दरबन्दी रहेपनि ७ जनामात्र पदपूर्ति रहेको छ । दरबन्दी अनुसार पशु विकास अधिकृत १ जना, पशु सेवा प्राविधिक २ जना, नायब पशुसेवा प्राविधिक ४ जना, खरिदार १, सहायक लेखापाल १, कार्यालय सहयोगी ५ र १ जना हलुका सवारी चालक हुनुपर्ने भएपनि ४ कार्यालय सहयोगी, १ सवारी चालक र ३ जना नायब पशुसेवा प्राविधिक पद रिक्त रहेको छ ।

फार्मका लागि ३ जना नायब पशु सेवा प्राविधिक लोकसेवा आयोगमा माग गरिएको प्रबन्धक ठाकुरले जानकारी दिए ।

### बाख्रासंगै भेडा र खरायोपालन शुरू

चित्लाङ बाख्रा विकास फार्ममा अहिले ४ सय १७ पशुवस्तु रहेका छन् । फार्ममा ५ जातका बाख्रा छन् । सानेन्, खरी, सानेन

बाँकी पृष्ठ ५ मा



विकास खबरपत्रिका साप्ताहिक — प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
२०७८ फागुन ३० गते सोमबार, 14 March 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

### बलियो स्थानीय तहका लागि निष्ठावान उमेद्वार आवश्यक

नेपाल संघीय प्रणालीमा प्रवेश गरेसँगै राज्य सञ्चालनको विधिमा केन्द्र, प्रदेश र स्थानीय गरी तीन प्रकारका सरकारहरु तथा सरकारी, निजी र सहकारी गरी तीन खम्बे अर्थनीतिको प्रारुप अगाडि सारिएको छ । सोझो सम्पर्कका आधारमा जनतालाई सेवा सुविधा प्रदान गर्ने निकायको निर्वाचन हुनाले स्थानीय निर्वाचनलाई एउटा पर्व वा उत्सवको संज्ञा दिनु अस्वाभाविक होइन । नेपाल सरकारले २०७९ वैशाख ३० गते स्थानीय चुनावको घोषणा गरेको छ । तदनुरुप देशका साना ठूला राजनीतिक दलहरु चुनावी भेला र सभाहरुमा क्रियाशील देखिन्छन् । जनताका निमित्त यो समय राजनीतिक दल र जनप्रतिनिधिहरुको समीक्षा र मूल्यांकन गर्ने अनि धारणा बनाउने समय पनि हो । आधुनिक युगको सूत्रपात भएसँगै नेपालमा स्थानीय चुनाव र स्थानीय सरकारको अवधारणा विकास भएको हो । तर नेपालमा स्थानीयता, विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अभ्यास प्राचीनकालबाटै हुँदै आएको देखिन्छ । लोकतान्त्रिक गणतन्त्र र संघीय प्रणालीमा स्थानीय सरकारलाई स्थानीय स्वायत्त शासनको अधिकार सहित सवैधानिकरुपमा नै अधिकार सम्पन्न बनाइएको छ ।

नेपालको राजनीतिमा गाउँ–गाउँमा सिंहदरवारको प्रचार यसैलाई नै गरिएको छ । यस आधारमा भावी स्थानीय निर्वाचनले महत्वपूर्ण स्थान ओगटेको कुरामा शंका छैन । सवैधानिक प्रावधान अनुरुप बितेका पाँच वर्षमा स्थानीय सरकारको हैसियत बोकेका जनप्रतिनिधिहरुले जनतालाई गाउँ–गाउँमा सिंहदरवारको प्रत्याभूति प्रदान गर्न सके कि सकेनन् ? आफ्ना चुनावी घोषणा पत्रका बाचाहरु परिपालना भए कि भएनन् ? मूलरुपमा जनताले समीक्षा र मूल्यांकन गर्ने विषयहरु यिनै हुन् । बितेका पाँच वर्षमा स्थानीय तहहरुमा निर्वाचन जितेर जिम्मेवारी सम्हालेका नेताहरु सवैधानिक र आफ्ना घोषणापत्रका आदर्शमा हिड्नेहरुको संख्या अत्यन्त न्यून रहेको दृश्य देखियो । कतिपय जनप्रतिनिधिहरुले पाएको जिम्मेवारीलाई धनी हुने अवसरका रुपमा दुरुपयोग गरेका गुनासाहरु पनि नआएका होइनन् । विकास निर्माणका कामा आफ्ना औजार प्रयोग गर्ने स्थानीय विकासका काममा सस्तो लोकप्रियता प्राप्त गर्न एकआध काम गरेर त्यसैमा नीतिगत भ्रष्टाचार गर्ने, प्राकृतिक साधन स्रोतको दुरुपयोग गरेर जनप्रतिनिधिहरुले नै समस्या खडा गर्ने, मनोमानीरुपमा करारमा राजनीतिक नियुक्तिका रुपमा कर्मचारी भर्ना गर्ने आदि गम्भीर असंगतिहरु देखा परे । देशका कतिपय स्थानमा रकम बाँडफाँड र ठेक्कामा विवाद परेर स्वयं मेयर र उपमेयर नै हात हालाहाल गरेका समाचारहरु सार्वजनिक भए । पालिकाहरुमा न्यायिक विभागको स्थापना त भयो तर न्याय सम्पादनमा अपेक्षित भूमिका निर्वाह हुन नसक्दा पीडित पक्षको गन्तव्य प्रशासन र अदालत नै भएको देखियो । यसका पछाडि कतिपय जनप्रतिनिधिहरुको अयोग्यताले पनि काम गरेको प्रष्ट छ ।

खरावीहरुको विरुद्धमा संगठित र सचेतन बन्न सकेपछि निर्वाचन देखि मुक्ति युद्धसम्मका अजय शक्ति जनता नै हुन् । जनतामा त्यो संगठित र सचेतन क्षमताको विकास हुन सकेन भने फेरि पनि निर्वाचनको परिणाम पैसा र भोज भतेर चलाउनेहरुको हातमा पुग्छ । त्यसपछि जनता त्यस्तै नियतिको शिकार बन्छन्। नेपालको राजनीति केन्द्रदेखि तलसम्म अत्यन्त निराशाजनकढंगले धमिलो भएको छ । यो धमिलिएको परिदृश्यलाई आशापूर्ण, परिणाममुखी र सङ्लो बनाउन राजनीतिक दलहरुले योग्य र निष्ठावान व्यक्तित्व छानेर उम्मेदवार बनाउनुपर्दछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# स्थानीय तहको निर्वाचन र सामाजिक सञ्जाल



रुपनारायण खतिवडा

नेपाल सरकारले आगामी वैशाख ३० गते देशभरका सबै स्थानीय तहमा निर्वाचन गर्ने निर्णय गरेसँगै मुलुक बिस्तारै निर्वाचनको माहोलले तात्न थालेको छ । तोकिएको निर्वाचनको समयसीमा नजिकिएसँगै उम्मेदवार घोषणा गर्ने र चुनावलक्षित बैठक, भेलाहरू आयोजना गर्ने सिलसिला चल्नथालेको छ । निर्वाचन भन्नेबित्तिकै चुनावी प्रचारप्रसारको विषय पनि जोडिएर आउने गर्दछ । मौन समय सुरू नभएसम्म निर्वाचनमा होमिएका राजनीतिक दल, तिनका उम्मेदवार र कार्यकर्ताहरू तामझामका साथ चुनावी प्रचारप्रसारमा जुटिरहेका हुन्छन् । यद्यपि, पछिल्लो समयसम्म आइपुग्दा प्रचारप्रसारको ढाँचा, शैली र माध्यममा भने निकै बदलाव आइसकेको छ । यसै मेसोमा निर्वाचनको प्रचारप्रसारमा फेरिएको शैली खासगरी सामाजिक सञ्जालको बढ्दो प्रयोगका विषयमा चर्चा गर्ने जमर्को गरिएको छ ।

सामाजिक सञ्जालको फैलिएको पहुँच र यसको उपयोगमा भएको बढोत्तरीले वर्तमानमा नेपाली समाजलाई प्रभावित तुल्याएको छ । धान्नै नसक्ने गरी मौलाएको पहुँचसँगै सामाजिक सञ्जालले साक्षर मानिसहरूको दैनिक जनजीवनको अभिन्न अङ्गका रूपमा स्थान ग्रहण गरिसकेको छ । आजभन्दा १५ वर्षअघि ८ प्रतिशत नेपालीको पहुँचमा रहेको इन्टरनेटले हालसम्म आइपुग्दा ५६ प्रतिशत नागरिकहरूलाई जोडिसकेको छ । प्रविधिमा भएको द्रुत विकास र मोबाइल सेवाको विस्तारले पनि इन्टरनेटको पहुँच वृद्धि गर्न ठूलो भूमिका खेलेको छ । कुनै समय एक कल फोन गर्न घण्टौं लाइन बस्नुपर्ने अवस्थामा परिवर्तन भई आज नेपालको कुल जनसंख्याभन्दा बढी मोबाइलको सिम प्रयोग भइरहेको छ । अर्थात् पछिल्लो तथ्याङ्कमा मोबाइल प्रयोगकर्ताको संख्या तीन करोड ८२ लाखभन्दा बढी पुगिसकेको छ । इन्टर नेटको पहुँचमा भएको वृद्धिसँगै सामाजिक सञ्जालहरूमा मानिसहरूको तीव्र आकर्षण बढिरहेको छ ।

नेपालमा प्रचलनमा रहेका सामाजिक सञ्जालहरूमा फेसबुक, ट्वीटर, युट्युब, इन्स्ट्राग्राम, ह्वाट्सएप, भाइबर, पिन्ट्रेस्ट, लिंकइन, स्न्यापच्याट आदि रहेका छन् । यीमध्ये फेसबुक र ट्वीटर प्रख्यात भइसकेका छन् भने पछिल्लो समयमा अन्य सञ्जालहरूका प्रयोगकर्ता पनि उल्लेख्य छन् । यस्ता सञ्जालहरूमा कति नेपालीहरू आबद्ध छन् भन्ने यकिन तथ्याङ्क नभए पनि फेसबुक प्रयोगकर्ताहरू एक करोड २० लाखको हाराहारीमा र ट्वीटर प्रयोगकर्ता करिब १५ लाख रहेको अनौपचारिक तथ्याङ्क छ ।

विश्वव्यापीकरणको प्रविधिमय आयाम र खुला संग्रहालयका रूपमा रहेका सामाजिक सञ्जालमार्फत पुनः विश्वका नागरिकहरू एकआपसमा जोडिएका छन् जसमा, नेपालीहरूको समेत सहभागिता उल्लेख्य रहेको अवस्था छ । यो स्थितिमा नेपालमा हाल चलिरहेको निर्वाचनको वातावरणलाई तताउँदै चुनावी प्रचारप्रसारको गतिलो माध्यमका रूपमा समेत सामाजिक सञ्जालहरू देखिनथालेका छन् । तीव्रताका साथ विकास भएका सामाजिक सञ्जाल र प्रयोगकर्ताहरूको बढ्दो उपस्थितिले समाजका अन्य पक्षहरूसँगै निर्वाचनको प्रचारप्रसार संस्कृतिमा पनि बदलाव आइसकेको छ ।

नेपालको सन्दर्भमा देशका सबै भू–भाग एवं सबैखाले वर्गका नागरिकहरूसम्म अझै पनि इन्टरनेटको सहज पहुँच पुग्नसकेका कारण सबैलाई सामाजिक सञ्जालको जालोले जोड्न सकेको भने छैन । यद्यपि, निर्वाचनमा होमिएका राजनीतिक दल, तिनका उम्मेदवारदेखि लिएर निर्वाचनको समग्र व्यवस्थापन गर्ने संवैधानिक अङ्ग निर्वाचन आयोग सम्मले सामाजिक सञ्जालमा उपस्थिति जनाउनुपर्ने र 'अपडेट' रहनुपर्ने बाध्यताको सिर्जना भएको छ । हरेकजसो राजनीतिक दल र उम्मेदवारहरूले सामाजिक सञ्जालहरूमा आफ्ना छुट्टै 'एकाउन्ट' खोलेर चुनावी प्रचारप्रचारमा जुट्नुपर्ने अवस्था निम्तिएको छ ।

विगतको अभ्यास हेर्दा पनि पुराना र ठूला भनिएका दलहरूले भन्दा नयाँ दलहरूले निर्वाचनको समयमा सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्नेगरेका छन् । हिजोसम्म टोल–टोल र घर–घर मा घुमेर हात जोड्दै मतदाताहरूसमक्ष मत माग्ने उम्मेदवारहरूको जनसमक्ष दोहोरो संवाद र सञ्चार गर्ने सोझो माध्यमका रूपमा सामाजिक सञ्जालहरू दरिएका छन् । पहिले चुनाव नजिकिएसँगै चोक र गल्लीहरूमा बाक्लै सुनिने गरेका चुनावी भाषण र प्रचारात्मक न्यालीहरूको गुञ्जन पातलिएको छ । फलस्वरूप, निर्वाचनको घोषणा भएदेखि नै राजनीतिक दल र उम्मेदवारहरूका प्रचारात्मक सन्देश, भिडियो, लाइभ भिडियोदेखि उम्मेदवारहरूले हात जोडेर मत मागिरहेका याचनात्मक प्रचार सामग्रीहरूले सामाजिक सञ्जालका भित्ताहरू रङ्गिन थालेका छन् । खासगरी, नयाँ पुस्ता र देशबाहिर रहेको ठूलो जमातलाई चुनावका सन्दर्भमा आकर्षित गर्न सामाजिक सञ्जाल निकै प्रभावकारी देखिने गरेको छ । एक हिसाबले हेर्दा, सिङ्गो निर्वाचन नै सामाजिक सञ्जालहरूमार्फत छताछुल्ल भइरहेको अवस्था छ ।

निर्वाचनका सन्दर्भमा सामाजिक सञ्जालको बढ्दो उपयोगका थुप्रै सकारात्मक पाटाहरू रहेका छन् । संसदीय निर्वाचनदेखी स्थानीय तहका निर्वाचनसम्मका उम्मेदवारहरू र राजनीतिक दलहरूले दलीय प्रचारप्रसारको सशक्त माध्यमका रूपमा सामाजिक सञ्जालहरूको उपयोग गर्ने गरेका छन् । सामाजिक सञ्जालमार्फत एकै पटक धेरै मानिसहरूसम्म तुरून्तै पुग्न सकिने भएकोले यसले राजनीतिक दलहरूलाई स्वदेश तथा विदेशमा रहेका ठूलो समुदायमा सहजरूपमा आफ्ना धारणाहरू राख्नसक्ने अवसर प्राप्त भइरहेको छ । सामाजिक सञ्जालका माध्यमबाट राजनीतिक दल, तिनका नेतृत्व र उम्मेदवारहरू बिचमा सोझो अन्तरक्रिया गर्नसकिने अवस्थाको सिर्जना भएको छ । यसले राजनीतिक नेतृत्व र उम्मेदवारहरूलाई पारदर्शी एवं जनउत्तरदायी तुल्याउन मार्गप्रशस्त गरिरहेको छ ।

अर्कोतर्फ, निर्वाचनका होमिएका उम्मेदवारहरूलाई आफ्ना घोषणा, प्रतिबद्धता र नारालाई लक्षित वर्गसम्म सहजरूपमा पुऱ्याउने तथा विचार, विमर्श गर्ने साधनका रूपमा सामाजिक सञ्जालहरूको प्रयोग भइरहेको छ । यसबाट, धेरै जनप्रतिनिधिहरू र विभिन्न राजनीतिक दलहरू जनतासँग नजिक हुने माध्यमका रूपमा पनि सामाजिक सञ्जालहरूले पुलको कार्य गरिरहेका छन् । सामाजिक सञ्जालमार्फत गरिने प्रचारप्रसारको लागत समेत तुलनात्मक रूपमा कम रहेको छ । यसले निर्वाचनमा उम्मेदवार र दलविशेषले परम्परागत रूपमा प्रचारप्रसारमा गर्नुपर्ने खर्चलाई मितव्ययी तुल्याएको छ । सामाजिक सञ्जालमा राखिने प्रचार सामग्रीहरू पटक–पटक दोहोऱ्याएर प्रयोग गर्नसकिने भएकोले यसले समय र श्रमको पनि बचत हुने अवस्था रहन्छ । निर्वाचनको प्रचारात्मक कार्यका लागि सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै चुनावी प्रचार प्रसारमा देखिनेगरेका पर्चा, पम्प्लेट, ब्यानर जस्ता प्रचारसामग्रीहरूको प्रयोगलाई ह्वात्तै घटाएको छ । यसले कागजको अनियन्त्रित प्रयोगलाई घटाउनुका साथै वातावरण संरक्षण र फोहर व्यवस्थापनमा समेत सहयोग पुगिरहेको छ ।

यी सकारात्मक पक्ष रहँदारहँदै पनि नेपालमा इन्टरनेटको पहुँच र सामाजिक सञ्जालको उपयोगमा भएको बढोत्तरीसँगै केही विकृत पक्षहरू पनि मौलाएका छन् । यस्ता पक्षहरूका कारण निर्वाचनको प्रचार प्रसारका सन्दर्भमा सामाजिक सञ्जालको दुरूपयोग पनि उत्तिकै भइरहेको छ । प्रतिस्पर्धी दल, उम्मेदवार एवं व्यक्तिविशेषको मानमर्दन गर्ने, गालीगलौजयुक्त भाषाको प्रयोग गर्ने, धम्क्याउने, अपमानित गर्ने, भ्रामक समाचारहरू फैलाउनेजस्ता गलत प्रवृत्तिहरू सामाजिक सञ्जालहरूमार्फत गरिने प्रचारप्रसारका चुनौतीका रूपमा देखिएका छन् । उम्मेदवार र दलविशेषका 'फेक आइडी' बनाएर बदनाम गर्ने, उम्मेदवारहरूका तस्विर एवं भिडियोहरू तोडमोड गरी दुरूपयोग गर्ने, अनावश्यक टिप्पणी र कमेण्ट गर्ने, दलविशेष एवं उम्मेदवार विशेषलाई लक्षित गरी अफवाह फैलाउने र अर्नगल प्रचार गर्नेलगायतका अपराधजन्य समस्याहरू देखिनेगरेका छन् ।

सामाजिक सञ्जालको तीव्र गतिका कारण यस्ता सञ्जालमा राखिएका भ्रामक समाचार र पोष्टहरू पुनपुष्टि या खण्डन हुन नपाउँदै लाखौं बीचमा भाइरल बनेर आतङ्क फैलिनेगरेका उदाहरणहरू पनि छन् । विभिन्न खाले अनलाइन मिडियाहरूले सामाजिक सञ्जाललाई भ्रमको खेती गर्ने र भ्रामक समाचारहरू फैलाउने माध्यमका रूपमा दुरूपयोग गरिरहेका पाइन्छन् । निर्वाचनअघिको मौन

*बाँकी पेज ३ मा*

# यस कारण बढ्दैछ, हृदयघातका बिरामी

मानिसको जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयघातका बिरामी बढिरहेका छन् । अस्वस्थ खानपान र जीवनशैलीमा आएको परिवर्तन रोगका कारक मानिएका छन् । १० वर्षको तथ्यांक हेर्ने हो भने हृदयघात हुनेको सत्यामा दोब्बर वृद्धि भएको छ ।

निष्क्रिय जीवनशैली, चिन्ता, युवावस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो–बोसो खानाले हृदयघातका बिरामी बढिरहेको शहीद गंगालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारीले बताए । घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन् । केन्द्रमा सन् २०१२ मा ४९५ जनामा हृदयघात भएकोमा ६ वर्षपछि २०१८ मा तीन गुणा बढेर एक हजार ४६० जना पीडित भएका थिए । उनका अनुसार २०२० मा एक हजार ६९८ र सन् २०२१ मा दुई हजार २७३ जना यो रोगका कारण अस्पतालमा भर्ना भएका छन् ।

डा. अधिकारीले सन् २०२१ मा अस्पताल भर्ना भएका बिरामीमध्ये प्रायः हृदयघात भएका हुन् । हृदयघातका बिरामी बढेपनि सन् २०२० मा कोरोना भाइरसका कारणले अस्पतालमा मुटु रोगका कम बिरामी आएका थिए । 'विगत १० वर्षको तथ्यांक हेर्ने हो भने मुटु रोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयघात भएका बिरामी मात्र नै छन्,' उनले भने, 'नेपालमा हृदयाघातका बिरामी दिनप्रतिदिन बढिरहेको गङ्गालालमा आएका बिरामीबाट नै थाहा हुन्छ ।'

उनका अनुसार अस्पतालमा दैनिक चार जना हृदयघातका बिरामी आउने गरेका छन् । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला पनि अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कार णले गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयघात हुने गरेको बताउँछन् । 'धूमपान, मधुमेह र उच्च रक्तचाप भएका मानिसको मुटुको नली र अन्य नली बाक्लो हुँदै हृदयघातले आक्रमण गर्छ । यस्तै कोलेस्टेरोल (मुटुमा हुने बोसो), शारीरिक अभ्यासको कमी पेट बढ्ने, पसिना ननिकाल्ने, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द हुने गर्छ,' उनले भने, 'स्वस्थ जीवनशैली अपनाउने, खाना धेरै नखाने, स्वच्छ खाने, शारीरिक अभ्यास गर्ने, चुरोट नखाने, नियमित व्यायाम गर्न सके हृदयघातबाट बच्न सकिन्छ ।'

उनका अनुसार मुटु जन्मजात बिग्रेर आउने, बिग्रेर आउनेबाट बचेको, घाँटीको दुख्ने रोगबाट शुरू भई पछि मुटुको भल्ब बिग्रने रोगका कारण मुटुका बिरामी हुने गरेका छन् ।

## चुरोट सेवन

चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्च रक्तचाप भएका मानिसमा हृदयघात बढी हुन्छ । तीमध्ये चुरोट पिउने मानिसमा हृदयघात हुने सम्भावना बढी हुने गरेको निर्देशक डा. अधिकारी बताउँछन् । युवाहरूमा चुरोट सेवन गर्ने क्रम बढेको पाइन्छ । हृदयघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन् । तीमध्ये ४० वर्ष उमेर समूहका व्यक्ति धेरै रहेको उनको भनाइ छ ।

डा. कोइराला पनि हृदयघात ६० वर्षमाथिकामा हुने गरेपनि चुरोट खाने व्यक्तिमा भने ४० वर्षमुनि पनि हुने गरेको बताउँछन् । 'चुरोट सेवन गर्नाले युवावस्थामा नै हृदयघात हुने संख्या अत्यधिक बढदै गएको छ,' उनले भने । ४० वर्षभन्दा कम उमेरको व्यक्तिले चुरोट सेवन गर्छ भने उसलाई हृदयघात हुने सम्भावना नखानेको तुलनामा आठ गुणाले बढी हुने डा. अधिकारीको भनाइ छ ।

## हृदयघात भएको १२ घण्टामा जीवन सम्भव



केन्द्रका निर्देशक डा. अधिकारी हृदयघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउन सके बचाउन सकिने बताउँछन् । केन्द्रले हृदयघात भएका बिरामीलाई २४ घण्टा नै एन्जिओप्लाष्टी गरेर बचाउने गर्छ । केन्द्रले हृदयघात भएर आएको एक घण्टाभित्र बिरामीको एन्जिओप्लाक्ष्टी गर्ने उनी बताउँछन् ।

एउटा एन्जिओप्लास्टी गर्नका लागि एक लाख ५० हजार रूपैयाँ खर्च लाग्छ । त्यति रकम तिर्न नसक्ने गरिब तथा असहायका लागि केन्द्रले दुई वर्षदेखि भने निःशुल्क एन्जिओप्लास्टी गर्ने गरेको छ । तीन प्रकारका हृदयघातमध्ये पनि नेपालमा सबैभन्दा धेरै स्टेमी हृदयघात हुन्छ, जुन भएका मानिसलाई समयमा नै अस्पताल पुऱ्याउन सके बचाउन सकिन्छ । 'हृदयघात भएको मानिसको मुटुमा रगतको आपूर्ति बन्द भएपछि दुख्न थाल्छ । मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्छ । मुटु दुखिरहेका बेलामा नै अस्पतालमा बिरामी पुऱ्याउन सके बचाउन सकिन्छ,' उनले भने, 'बिरामी आएको १२ घण्टामा मुटुको प्राइमरी एन्जिओप्लास्टी (मुटुको नसा खोल्ने प्रविधि) शल्यक्रिया गरी नसा खोलेर बचाउन सकिन्छ ।'

नेस्टेमी हृदयघात भएका बिरामीलाई भने केही समयपछि मात्र उपचार गरिन्छ । त्यस्ता बिरामीलाई भर्ना गरेको केही दिनपछि शल्यक्रिया गरेर बचाउन सकिन्छ । केन्द्रले प्राइमरी एन्जिओप्लास्टी गरेका बिरामीलाई चार–पाँच दिनमै अस्पतालबाट घर पठाउँछ ।

केन्द्रमा २४ घण्टा नै हृदयघात भएका बिरामीको प्राइमरी एन्जिओप्लास्टी गर्न १५ जनशक्तिसहित चार अप्रेसन थिएटर तयारी अवस्थामा राखिएको हुन्छ । केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टी गरेर हृदयघात भएका बिरामीलाई बचाउने गरेको उनी बताउँछन् । केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टी हुँदै आएको छ ।

पहिलो पटक हृदयघात हुँदा १०० मध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुने गर्छ । हृदयघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमै मृत्यु हुने गरेको छ । नेपालमा केन्द्रबाहेक मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, नर्भिक इन्टरनेसनल अस्पताल तथा विराटनगर, धरान, बुटवल, नेपालगन्ज भरतपुरका अस्पतालमा पनि समेत एन्जिओप्लास्टी हुने गर्छ ।

## कसरी हुन्छ ?

मुटुलाई काम गर्नका लागि अक्सिजन आवश्यक पर्छ जुन रगतले दिने गर्छ । मुटुमा रगत आपूर्ति गर्ने नसा हुन्छ जसबाट रगत मुटुमा आउने गर्छ । रगत आपूर्ति बन्द भयो भने हृदयघात हुन्छ । उमेर बढ्दै जाँदा मुटुको रक्तसञ्चार गर्ने नली साँघुरिदै जाने र पछि बन्द भई मुटु बन्द हुने गर्छ । अहिले नली साँघुरि ँदै जाने र मुटु बन्द भएर हुने हृदयघात धेरै हुने गरेको छ ।

रगतको आपूर्ति सबै बन्द भएपछि मानिसको छाती दुख्न थाल्छ । धेरैजसो मानिस छाती दुखे पनि घरमै बस्छन् । अनि ढिला आउँछन् । रगतको आपूर्ति बन्द हुनुका साथै निरन्तर छाती दुखेपछि मुटुको मासु मर्ने गर्छ । मासु मरेपछि मुटुले काम गर्न छाड्छ र मानिसको ज्यान जान्छ ।

## मुटु प्रत्यारोपण नेपालमा

विश्वमा मुटुरोग अस्पतालले दिने सेवामध्ये एक–दुईवटा मात्र सेवा केन्द्रले दिन सकेको छैन । भारतलगायत देशमा मुटु प्रत्यारोपण हुने गरेकोमा नेपालमा सम्भव भएपनि प्राविधिक रूपमा गाह्रो र खर्चिलो भएको उनको भनाइ छ । भारतमा १०० बिरामीको मुटु प्रत्यारोपण हुने गरेको अध्ययनले देखाएको छ ।

धेरै खर्चिलो हुनुका साथै प्राविधिक रूपमा मुटुको प्रत्यारोपण नेपालमा गाह्रो छ । दुई मिर्गौलामध्ये एउटा कसैलाई दियो भने मानिस स्वस्थ भएर बाँच्न सक्छ,' उनले भने, 'तर मुटु अर्कालाई दिने भनेको ब्रेनडेथ (मस्तिष्क मृत्यु) भएको मानिसले मात्र दिने हो । त्यसका लागि एउटा मानिस मर्नु पऱ्यो । मरेको मानिसबाट मुटु निकाल्न पऱ्यो, अर्को मानिस अप्रेसन गर्न तयार हुनुपऱ्यो । एउटा समयभित्र मुटु प्रत्यारोपण गर्ने हो । मुटु दिने मानिसको मुटु लिने मानिसकामा मिल्नुपऱ्यो । त्यसैले मुटु प्रत्यारोपण प्राविधिक रूपमा गाह्रो छ ।'

केन्द्रले सन् २०१४ देखि मुटुमा प्वाल परेका बिरामीको छाती नचिरिकन यन्त्रमार्फत उपचार गर्ने गरेको छ । प्रत्येक वर्ष सयभन्दा बढी मुटुमा प्वाल परेका बिरामीको उपचार गर्ने गरेको र यस वर्ष मात्र २२२ वटा भएको छ । केन्द्रले १५ वर्षमुनिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क मुटुको उपचार गर्ने गरेको छ । विपन्न वर्गलाई एक लाखसम्म निःशुल्क छ । केन्द्रले २०० शय्याको बालमुटुरोग भवन बनाउन थालेको छ । २० शय्याको सघन उपचार कक्ष (सीसीयू) पनि निर्माण गर्न थालेको छ । अहिले सीसीयू १२ शय्याको छ ।

---

## स्थानीय तहको... .. .

अवधिमा फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने प्रावधान निर्वाचन आचारसंहितामा रहेको छ । तथापि, आचारसंहिताको कार्यान्वयन पक्षमा भने थुप्रै जटिलताहरू देखिनेगरेका छन् । निर्वाचनका समयमा निर्वाचन आयोगले सामाजिक सञ्जालहरूको समेत अनुगमन गर्नेगरेको भए पनि नेपालमा सामाजिक सञ्जालका गतिविधिहरूलाई नियमन गर्न छुट्टै विशिष्ट कानुन र नीतिनियम छैनन् । विद्युतीय कारोबार व्यवस्थित गर्ने ऐनले यसलाई केही मात्रामा समेटेको भए पनि निर्वाचनको प्रचारप्रसारका सन्दर्भमा र अन्य अवस्थामा पनि सामाजिक सञ्जालजन्य अपराधहरू अपेक्षित रूपमा कानुनी दायरामा आउनसकेका छैनन् ।

विकासका अन्य आयामहरूमा पछाडि नै रहेको भए पनि नेपालले सूचना सञ्चार प्रविधिको विकास र विस्तारमा उल्लेखनीय फड्को मारेको छ । सूचना सञ्चार प्रविधिको 'बाई प्रोडक्ट'का रूपमा रहेका सामाजिक सञ्जालहरूलाई निर्वाचनको सन्दर्भमा पनि सकारात्मक सन्देश विनिमय गर्ने गतिलो 'प्लेटफर्म'का रूपमा उपयोग गर्न सकिने पर्याप्त सम्भावना रहेको विगतका अभ्यासहरूले पनि देखाएका छन् । सँगसँगै, सामाजिक सञ्जालको प्रयोगमा देखिएका नकारात्मक पक्षहरूको न्यूनीकरण र प्रभावकारी नियमनमार्फत यसको सर्वव्यापी पहुँचलाई सदुपयोग गरिन आवश्यक छ । नेपालमा फस्टाउने क्रममा रहेको इन्टरनेट युग र सामाजिक सञ्जालमैत्री नीति एवं कानुनमार्फत यसलाई प्रोत्साहन पुग्नेगरी नियमन गरिन पनि उत्तिकै आवश्यक छ । यसो हुनसकेमा निर्वाचनको सन्दर्भमा मात्र हैन, समग्रमा नै सामाजिक सञ्जालको सदुपयोगले विकासको यात्रा र सामाजिक सभ्यतालाई नयाँ उचाइमा पुऱ्याउन सक्ने आशा गर्न सकिन्छ ।

*(-इमेल प्राप्त)*

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बालश्रम कानुनबमोजिम दण्डनीय छ ।
निकृष्ट बालश्रम मुक्त नगरपालिका स्थापनामा सहभागी बनौं ।
बाल श्रम भनेको के हो ?
कुनै पनि बालबालिकालाई उनीहरुको स्वास्थ्य शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्नुका साथै उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु बालश्रम हो ।


बालश्रमले बालबालिकामा पर्नसक्ने नकारात्मक असरहरु

शारीरिक विकासमा असर पर्न सक्दछ ।
गम्भीर चोटपटक वा अपाङ्गता हुन सक्दछ ।
पैसा केन्द्रित मनोवृत्तिको विकास हुन सक्दछ ।
विद्यालय जानबाट बञ्चित हुन सक्दछन् ।
खराब व्यक्तिको सङ्गतमा पर्न सक्दछन् ।
दुर्व्यवहारको शिकार हुन सक्दछन् ।
बालश्रम सम्बन्धी कानुनी व्यवस्था
बालश्रम ऐन, २०५६ अनुसार दफा ३ को उपदफा १ बमोजिम कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउनु हुदैन ।
दण्ड र सजायः
१) बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ परिच्छेद ५ को दफा १९ को उपदफा (१) अनुसार कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
२) दफा ३ को उपदफा २ अनुसार कसैले बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुदैन ।
३) बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को दफा ४ अनुसार कसैले पनि बालबालिकालाई ललाई, फकाई वा भुक्याएर वा कुनै प्रलोभन वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा लगाउनु हुदैन ।
४) बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को परिच्छेद ५ को दफा १९ को उपदफा (२) मा उल्लेख भए अनुसार कसैले दफा (३) को उपदफा (२) र दफा (४) विपरित कार्य गरेमा निजलाई एक वर्षसम्म कैद वा ५० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
५) बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा ८ बमोजिम चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन ।
६) बालअधिकार ऐन २०७५ को दफा ७ को उपदफा (१) अनुसार कुनै व्यक्ति, संस्था वा निकायले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिका प्रतिको दायित्व पुरा नगरेमा त्यस्तो व्यक्ति संस्था वा निकायको प्रमुखलाई ५० हजार रुपैयासम्मको जरिवाना हुनेछ ।
बालश्रम भएमा सम्पर्क गरौं ।
थाहा नगरपालिकाको कार्यालय फोन ०५७४०००५७/४०००६६/४०००८६
ईलाका प्रहरी कार्यालय फोन १००/९८५५०६२७९९
जिल्ला प्रशासन कार्यालय फोन ०५७५२०३८८/९८५५०२७७७७
१०९८ बाल हेल्प लाइन
सम्बन्धित वडा कार्यालयहरु तथा बालश्रम तथा बालविवाह न्यूनीकरण कार्यदल थाहा नगरपालिका ९८५५०७५३४१

नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हेटौंडामा सुविधा सम्पन्न बस टर्मिनल निर्माण हुँदै




◆ विकास संवाददाता

मुख्य बजार क्षेत्रबाट अलि भित्र ठुलै भवन निर्माणको काम धमाधम भइरहेको छ । जस्ताको टिनले घेरीएको यस क्षेत्रमा गेटबाट भित्र गएपछी श्रमिकहरू कोही पर्खाल लगाउने काम गर्दैछन् त कोही रड काट्ने, फर्मा निकाल्ने लगायतका काममा व्यस्त छन् । बसपार्क क्षेत्रबाट अली कोल्टे पर्ने यस क्षेत्रमा बस टर्मिनलको काम थालिएको एक वर्ष भयो ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० टिसीएनमा सुबिधा सम्पन्न बस टर्मिनल निर्माण स्थलमा पुग्दा यस्तै दृष्य देखिन्छ । ३५ करोड रूपैयाँ लगाएर हेटौंडा उपमहानगरपालिकाले बस टर्मिनल निर्माणको काम गरेको हो । यसमा ५० प्रतिशत काम सकिएको उपमहानगर पालिकाका मेयर हरि बहादुर महत बताउनुहुन्छ । डेढ वर्ष समय अवधि दिएर काम थालिएको हो । चार तलाको भवन निर्माण गरेर मुनीका दुइ तलामा पार्किङको व्यवस्था गरिएको छ । तल जगराख्ने देखिलिएर माथीका तला निर्माणको काम पनि भइरहेको छ, रसुवा, आसिस, बानिया जेभीले ठेक्का मार्फत काम गरिरहेको हो । यो वस टर्मिनल निर्माण गरेपछी उपमहानगर पालिकाको आन्तरिक आमदानीमा बृद्धी हुने उनी बताउँछन् ।

सुबिधा सम्पन्न बसपार्क पनि निर्माण हुने र स्थानीय सरकारले विकास निर्माणका काम गर्नका लागि अरूको मुख ताक्ने अवस्था पनि नहुने बताउँदै मेयर महत भन्छन्-'अहिले भइरहेको बसपार्क पुरानो र कम क्षमताको भएकाले अर्को बसपार्क निर्माण गर्न सुरू गरेका हौं । अहिले भइरहेकोबाट पनि छोटो दुरीका सवारीका साधनलाई पार्कको रूपमा प्रयोग गछौं र नयाँ बन्दै गरेको बसपार्कमा भने लामो दुरीका सवारीका साधनलाई ओहोर दोहोर गर्ने, यात्रुलाई आराम गर्ने सबै व्यावस्थाका साथ निर्माण गरिरहेका हौं ।'

तलका दुइतलामा पार्किङ गर्ने र अरू दुइतलामा व्यापारीक कम्प्लेक्सहरू रहने मेयर महत बताउँछन् । अहिले सञ्चालन भइरहेको बसपार्कलाई बस टर्मिनल निर्माणले तिब्र रूप लिएको छ । उपमहानगरपालिकाले ठुलो लगानीमा बस टर्मिनल तथा कम्प्लेक्स निर्माण भइरहेको हो । उपमहानगरपालिकाको गौरवको आयोजानका रूपमा रहेको बस टर्मिनलको जग राख्ने काम भइरहेको छ । उपमहानगरपालिकाले यो भवन निर्माण भएपछी आन्तरिक श्रोत पनि बृद्धी हुने र सुबिधा सम्पन्न बसपार्क पनि निर्माण हुने छ । देश बिदेशबाट हेटौंडा आएका यात्रुलाई बिश्राम गर्ने, हेटौंडाप्रति मनै लोभ्याउने काम बसपार्कमा भरेपछी अनुभुती दिलाउने गरी काम गर्न लागिएको हो । अहिले टिसिएनमा भइरहेको तरकारी बजार क्षेत्रमा बसपार्कका रूपमा बगैचा सहित निर्माण हुने छ ।

बस टर्मिनलको १८ महिनामा निर्माणको काम सक्नेगरी निर्माण कम्पनिलाई जिम्मा दिइएको उपमहानगरपालिकाका योजना महासाखाका प्रमुख सत्यनारायण साहले बताए । अहिले बन्दै गरेको बसपार्क पुरै नयाँ मोडलको निर्माण गर्न लागिएको हो । बहुवर्षिय योजना अनुसार बसपार्क निर्माणको कामसुरू भएको हो ।

अहिलेको बसपार्क निकै साघुरो भइरहेको समयमा बसपार्क र त्यसलाई आवस्यक भवन निर्माण भएपछी हेटौंडाका यातायात व्यावसायीहरू निकै खुसी भएका छन् । अहिले पूर्व र पस्चिम तर्फबाट एकैपटक बसहरू हेटौंडामा आइपुग्दा पार्किङ गर्न, यात्रुलाई ओर्लिएर आराम गर्नका लागि समेत समस्या छ ।

नयाँ बस टर्मिनल निर्माण भएपछी सबै खालका समस्या समाधान हुने बताइएको छ । नयाँ बसटर्मिनल निर्माण भएपछी हेटौंडाको टिसिएन क्षेत्रका वासिन्दाहरू पनि निकै खुसी भएका छन् । यस क्षेत्रमा व्यावसायीक हिसाबले काम गर्न र देशभरका यात्रुहरूको जमघट समेत हुने भएकाले आर्थिक क्रियाकलाप समेत हुने भएको छ ।

# राक्सिराङका चेपाङको निःशुल्क मोतियाबिन्दुको उपचार

◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिकाको पहलमा १३ जना बिपन्न चेपाङको आँखाको उपचार भएको छ । राक्सिराङ गाउँपालिका ७ का उनीहरूको मोतियाबिन्दुको शल्यक्रिया गरिएको हो ।

हेटौंडा सामुदायीक आँखा अस्पतालमा मोतियाबिन्दको उपचारपछि आँखाको ज्योती पाएका उनीहरू खुशी भएका छन् । एक वर्ष अघि गाउँमै राक्सिराङ गाउँपालिकाको संयोजनमा स्वास्थ्य शिविर सञ्चालन हुँदा ९८ जनाको आँखा परीक्षण गरिएको थियो । तीमध्ये मोतियाबिन्दु भएका १३ जनाको मोतियाबिन्दु उपचार गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।



उनीहरूलाई गाउँपालिकाले अस्पतालसम्म ल्याउने, बस्ने र लैजाने ब्यवस्था गरेर आँखाको उपचार गरिदिएको उनले बताए । आँखाको उपचार गरी घर फर्नन लागेका उनीहरूलाई गाउँपालिका अध्यक्ष मल्ल,प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला,राक्सिराङ स्वास्थ्य शाखा प्रमुख बिजय कपारीले सामुदायीक आँखा अस्पताल पुगेर फलफूल बितरण गरेका थिए । बिपन्न चेपाङसँगै एकसय ६३ जना मकवानपुर र बाराका बिपन्न आँखाका बिरामीहरूले उपचार पाएको हेटौंडा सामुदायिक आँखा अस्पतालका बरिष्ठ प्रशासकीय अधिकृत सुधिर भद्रले बताए ।






## प्रगतिको बाटोमा बाख्रा … .. .. .

क्रस र सिन्हाल गरी अहिले २ सय ९८ वटा बाख्रा रहेको प्रबन्धक डाक्टर ठकुरले जानकारी दिए ।

फार्ममा यसवर्षबाट भेडा र खरायो पनि पाल्न थालिएको छ । अहिले बरूवाल जातको ५६ वटा भेडा फार्ममा छन् । सोभियत चिनचिला र क्यालफोर्निया ह्वाइट जातका गरी कुल ६३ वटा खरायो पनि रहेका छन् ।

### नियमित उपचार र सेवामुलक कार्यक्रम निरन्तर

चित्लाङ बाख्रा विकास फार्मले फार्मको साथै सेवा क्षेत्रमा समेत प्राविधिक तथा उपचारात्मक सेवा प्रवाह गरिरहेको छ । फार्मले बाख्राहरूका लागि आन्तरिक तथा बाह्यि परजीवी नियन्त्रणका उपचारका कार्यक्रमहरू संचालन गरिरहेको ठाकुरले बताए । विभिन्न तालिमहरू समेत संचालन गरेको छ ।

स्थानीय खरी जातका बाख्राहरूको न्यूक्लियस हर्ड व्यवस्थापन गरी जातिय संरक्षण गर्ने, स्थानीय शुद्ध खरी जातका वोका र पाठीहरू उत्पादन गरी व्यवसायिक बाख्रापालक कृषक तथा कृषक समुहहरूमा वितरण गर्ने, सानन जातका बाख्राहरूको व्यवस्थापन गरी पाठापाठी उत्पादन गर्ने र व्यवसायिक कृषक तथा कृषक समुहहरूमा वितरण गर्ने, फार्म आसपासका क्षेत्रमा बाख्राहरूको वाह्य स्रोत विकास कार्यक्रम सञ्चालन गर्ने फार्मको उद्देश्य रहेको छ । साथै भुईं तथा डालेघाँसको विकास र विस्तार गर्दै लाने, बाख्रापालक कृषकहरूलाई बाख्रापालनका प्रविधहरू हस्तान्तरण गर्ने, फार्मलाई डेरीगोट (सानन) को स्रोतकेन्द्रको रूपमा विकसित गर्ने पनि फार्मको उद्देश्य हो ।

प्रबन्धक डाक्टर ठाकुर भन्छन्–'उद्देश्य अनुसार काम गरिरहेका छौं, यसमा सबै पक्षको सहयोग र सहकार्य चाहान्छौं ।' उद्देश्य प्राप्तीको लागि सबैको सहकार्य खाँचो रहेको पनि उनले बताए ।

### 'अनुसन्धान केन्द्रको रूपमा विकास गर्न सुझाव

बाख्रा विकास फार्मलाई प्रादेशिक बाख्रा अनुसन्धान केन्द्रको रूपमा विकसित गर्दै लैजानुपर्ने सुझाव दिइएको छ ।

फार्म दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा फार्म प्रबन्धक डाक्टर बब्लु ठाकुरले गरेको प्रस्तुतिकरणकाबीच यस्तो सुझाव दिइएको हो । भुगोल अनुसार को बाख्राको प्रजन्न, स्वास्थ्य, आहारा तथा खोर व्यवस्थापन सम्बन्धी प्याकेज बनाउने तथा सम्बन्धीत कृषक माझ लैजान पनि फार्मको तर्फबाट सुझव पेश गरिएको छ । बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री बसुन्धरा हुमागाई तथा राज्यमन्त्री इन्द्रमायाँ गुरूङको उपस्थितीमा भएको कार्यक्रममा बाख्राको अनुसन्धान तथा विकास वारे राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिममा गर्ने र गराउन पनि सुझाव दिइएको छ ।

त्यस्तै व्यवसायिक कृषकहरूलाई प्रविधि हस्तान्तरण तथा परामर्श दिने कार्यका लागि पनि सुझाव दिइएको छ ।

# कोरोना संक्रमण मत्थर भएसँगै चित्लाङका होमस्टे र रिसोर्टमा भरिए पर्यटक

◆ विकास संवाददाता



कोरोना महामारीका कारण २ वर्षसम्म मारमा परेका मकवानपुरको थाहा नगरपालिक–९ स्थित चित्लाङका रिसोर्ट र होमस्टेहरू लयमा फर्किन थालेका छन् । कोरोना सक्रमणमा कमी आएसँगै यहाँका होमस्टे र रिसोर्टमा आन्तरिक एवं बाह्य पर्यटकको चाप बढ्न थालेको हो ।

'केही समययता यहाँका रिसोर्ट र होमस्टे पर्यटकले भरिभराउ छन्,' चित्लाङ रिसोर्टका सञ्चालक देवेन्द्र नेपालले भने ।चन्द्रागिरि डाँडाको काखमा रहेको चित्लाङको मौसम र स्वच्छ हावापानीका कारण पनि पर्यटकको रोजाइमा पर्ने गरेको हो । चित्लाङमा मुख्य गरी काठमाडौंबाट आन्तरिक एवं बाह्य पर्यटकहरू आउने गर्छन् । 'त्यसो त हेटौंडा, वीरगन्ज र चितवनवाट पनि पर्यटकहरू आउँछन्,' गुर्जुधारा होमस्टेका सञ्चालक बुद्धरत्न मानन्धरले भने, 'यहाँ गर्मी र जाडो दुवै मौसममा पर्यटकहरू आउँछन् । तर गर्मीमा अलि बढी चाप हुन्छ ।'

यहाँका होमस्टे र रिसोर्टमा बस्न काठमाडौंतर्फबाट थानकोट, चन्द्रागिरि केवलकार हुँदै हिँडेर आउने र साना सवारीसाधनमा आउनेको संख्या अधिक छ । थानकोट–चन्द्रागिरि–चित्लाङ सडकको स्तरोन्नतिसँगै पर्यटकको चाप यहाँ ह्वात्तै बढेको मानन्धरले बताए । १२ किलोमिटर लामो यो मार्गलाई थप स्तरीकरण गर्न स्थानीय अझै लागिरहेका छन् । चित्लाङमा अहिले २५ वटा होमस्टे र ५ वटा रिसोर्ट छन् । थपिने क्रम पनि बढ्दो छ । उनीहरूले पाहुनाहरूलाई अर्गानिक खाद्यान्न र परिकार मात्र पस्किने गरेका छन् । चित्लाङमा नेवार समुदायको मुख्य बसोबास रहेको छ ।

त्रिभुवन राजपथ निर्माण नहुँदासम्म राजधानी र तराई आवतजावत गर्ने मुख्य प्रवेशद्वार नै चित्लाङ थियो । राजधानी प्रवेश गर्ने पैदलयात्रीहरू चित्लाङमा बास बसेर चन्द्रागिरिको उकालो पार गर्दै काठमाडौं छिर्ने गर्थे । त्यसबेला पैदलयात्रुले बास बस्ने गरेका पाटीपौवा अझै देख्न सकिन्छ । केहीको भग्नावशेष मात्र बाँकी छ । यहाँ अशोक सम्राट्ले निर्माण गरेको अशोक चैत्य पनि छ । चैत्यको अवलोकन गर्न चीनलगायत मुलुकबाट बौद्धमार्गीहरू आउने गरेका स्थानीय बताउँछन् । आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले ११ वर्षअघिदेखि चित्लाङमा होमस्टे सञ्चालनमा ल्याइएको हो । गाउँको रहनसहन र पारिवारिक वातावरण रूचाउने पर्यटकलाई लक्षित गरी होमस्टे सुरू गरिएको हो ।

**मालपोत कार्यालय शिखरकोट मकवानपुरको नामसारी सम्बन्धी हकदावीको पैंतीस दिने सार्वजनिक सूचना**

निवेदक: रमादेवी श्रेष्ठ        मृतक जग्गाधनी: रुकमणी श्रेष्ठ

**जिल्ला मकवानपुर काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३१ बस्ने निवेदक रमादेवी श्रेष्ठले मेरो काकी सासु रुकमणी श्रेष्ठको नाममा जग्गा दर्ता श्रेस्ता कायम रहेको साविक चितलाङ वडा नं.–३ को कि.नं. २२४१ क्षेत्रफल ज.रो. १–०–२–१ जग्गा मेरो नाममा एकलौटी नामसारी गरिपाउँ भनी निवेदन पेश भएकोमा निज मृतक ज.ध.को मिति २०३४ साल अगावै मृत्यु भएको निजको श्रीमान बैकुण्ठ कृष्ण श्रेष्ठको पनि मिति २०३४ साल अगावै आफ्नै कालगतिले मृत्यु भएको, निजहरुको दाम्पत्य जीवनबाट कुनैपनि सन्तानको जायजन्म नभएको र निज मृतक दम्पति लाई पालन पोषण, औषधोपचार र मृत्यु पछिको काजक्रिया निवेदकको श्रीमान घनश्याम श्रेष्ठले गरेकोमा निज घनश्याम श्रेष्ठको पनि मिति २०७६।०९।०३ मा मृत्यु भएकोले निजको हकदार रमादेवी श्रेष्ठ भएको व्यहोराको थाहा नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. १३२६ मिति २०७८/११/०८ को सिफारिस समेत पेश भएकोले यसमा निवेदकको माग दाबी सत्य नभई झुठा भए वा मृतक ज.ध.का अन्य कोही हकदार भए वा निवेदकको माग बमोजिम भई जाँदा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्थ जग्गा तथा संरचनामा प्रतिकूल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय शिखरकोट मकवानपुरमा स–प्रमाण दाबी/उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।**

# हेटौंडा उपमहानगरपालिकामा १९ वटा स्वास्थ्यचौकीका भवन निर्माणमा तिव्रता

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकामा १९ वटा स्वास्थ्यचौकीका आफ्नै भवन निर्माण गर्ने अभियानलाई तिब्रता दिइएको छ । उपमहानगरपालिका क्षेत्रका शहरी स्वास्थ्यकेन्द्रका सात वटा भवन निर्माण भइसकेका छन् भने अरू १२ वटा भवन निर्माणको काम धमाधम भइरहेको मेयर हरि बहादुर महतले बताउनुभयो । पहिले भाडाको घरमा बस्नुपर्ने बाध्यता भोग्दै आएका शहरी स्वास्थ्य केन्द्रका आफ्नै भवन निर्माण गरिएको हो ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१ को नकौली, वडा नम्बर–१२ को हात्तिगौडा, १४ को मयुरधाप, वडा नम्बर–१६ को हटिया, वडा नम्बर–१८ को हर्नामाडी, वडा नम्बर–१९ को ज्यामिरे र नेवारपानीमा स्वास्थ्यचौकी भवन निर्माणको काम सकिएको मेयर महतले बताउनुभयो । अहिले १२ वटा शहरी स्वास्थ्यचौकीका भवन निर्माणको चरणमा रहेका छन् । उपमहानगर पालिकाको लगानीमा शहरी स्वास्थ्यचौकीका भवनहरू निर्माण भइरहेका हुन् ।

हेटौंडामा स्वास्थ्यलाई पहिलो प्राथमिकता दिएर स्वास्थ्यचौकी भवनहरू निर्माण भइरहेको बताउँदै मेयर महत भन्छन्–'स्वास्थ्य हाम्रो पहिलो प्राथमिकता हो । भाडाको घरमा बस्दा धेरै खालका हैरानी खेप्नुपर्छ । सधैका लागि सहज रूपमा स्वास्थ्य सेवा दिनका लागि भवन निर्माणको कामलाई जोड दिएका हौं । धेरै भवन निर्माण भइसके पनि केही भवन निर्माणको चरणमा रहेका छन् । अब चाडै काम सकिदै छ ।'

हेटौंडाको वडा नम्बर–१ म दुइवटा शहरी स्वीास्थ्य केन्द्रका भवन निर्माण भएका छन् । नकौलीमा भवन निर्माणको काम सकिएको वडा अध्यक्ष सविन न्यौपानेले बताए । यता जरूवा टोलमा भने निर्माणको काम धमाधम भइरहेको बताउँछन् । यसै वर्ष जरूवा टोलको काम पनि सक्ने लक्ष राखिएको उनी बताउँछन् ।

हेटौंडा १९ को पनि ज्यामिरे र नेवार पानीमा दुई वटा शहरी स्वास्थ्य केन्द्र रहेका छन् । अरू सबैजसो वडामा जनस्वास्थ्यका एक–एक वटा संस्था रहेको उपमहानगरपालिकाका जनस्वास्थ्य निरिक्षक भोला चौलागाई वताउँछन् । हेटौंडाको २ र ९ नम्बर वठ.डामा भन्दा बाहेक सबै शहरी स्वास्थ्य केन्द्रमा आफ्नै भवनमा रहनेगरी तीन वषअघिबाट निर्माणको काम थालिएको उनी बताउँछन् । बितेको आर्थिक वर्ष र चालु आर्थिक वर्षमा पनि स्वास्थ्यसंस्था निर्माणका लागि उपमहानगरपालिकाले बजेट विनियोजन गरेको छ । हेटौंडाका १९ वटा वडामा २१ वटा शहरी स्वास्थ्य केन्द्र रहेका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१५ र १७ मा आयुरवेदीक स्वास्थ्यसंस्था पनि संचालनमा छन् । यहाँका वडा वडामा स्वास्थ्यसंस्था भएपछी आम नागरिकलाई सामान्य बिरामी परिहालेमा निशुल्क औषधी वितरण र परिक्षणको काम गरिदै आएको छ । ठुला र अली विकट भएका वडामा दुईवटा स्वास्थ्यसंस्था खोलीएको चौलागाई बताउँछन् । पहिले भाडाको घरमा स्वास्थ्यचौकी राख्नुपरेको र अहिले भने आफ्नै भवनमा शहरी स्वास्थ्य केन्द्र राखिएपछी धेरै सहज भएको हेटौंडा–१४ का वडा अध्यक्ष दिपक खड्का बताउँछन् ।






समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्र आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## कोरोनाबाट बचौं र बचाऔं

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
- आफूलाई संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौ ।
- संक्रमणको पुष्टि भएपछि अलग्गै बसौं र सम्पर्कमा रहेकालाई जानकारी गराऔं।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौ ?

सचेत बनौं,

ससाना कुरामा ध्यान दिँदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

उपभोग्य वस्तु खरिद गर्दा
उपभोग्य मिति
हेरेर मात्र खरिद गरौं ।

– विकास खबरपत्रिका


## मालपोत कार्यालय शिखरकोट मकवानपुरको नामसारी सम्बन्धी हकदावीको पैंतीस दिने सार्वजनिक सूचना

निवेदकः माइला स्याङतान  मृतक जग्गाधनीः राम बहादुर स्याङतान तमांग

जिल्ला मकवानपुर साविक चितलाङ गा.वि.स. वडा नं. १ हालः थाहा नगरपालिका वडा नं. ९ बस्ने निवेदकले मेरो बुबा राम बहादुर स्याङतान तमांगको नाममा जग्गा दर्ता श्रेस्ता कायम रहेको साविक चितलाङ वडा नं.–१ को कि.नं. ६९७ र ९१८ क्षेत्रफल ज.रो. ०–११–३–३ र १–१–२–३ जग्गा भएकोमा निज मृतक ज.ध.को मिति २०४८/०४/१० मा नेपाली नागरिकता प्राप्त नगरी मृत्यु भएको निजको एकमात्र श्रीमती सुन्तलीमाया स्याङतानको पनि मिति २०३५ सालमा नेपाली नागरिकता प्राप्त नगरी आफ्नै कालगतिले मृत्यु भएको, निजहरुको दाम्पत्य जीवनबाट १ छोरा र २ छोरीको जायजन्म भएकोमा छोरीहरु सबैको विवाहदान भैसकेकोले उल्लेखित जग्गा एक मात्र छोरा माइला स्याङतानको एकलौटी नाममा नामसारी माग गरेको । मृतक ज.ध. को ज.ध. दर्ता श्रेस्ता पुर्जामा बाबुको नाम राम बहादुर स्याङतान तमांग र निवेदक माइला स्याङतानको नागरिकता प्रमाणपत्र कलाङ स्याङतान फरक–फरक नाम गरेको व्यक्ति एकै व्यक्ति भएको थाहा नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. १३८६ मिति २०७८/११/२५ को सिफारिस समेत पेश भएको । ज.ध. राम बहादुरस्याङतान तमांगको ज.ध. स्रेस्ता, पुर्जामा बाबुको नाम तुङ र बाजेको नाम सुभजित भएको तर मृत्युदर्ता प्रमाणपत्रमा बाबुको नाम कालु बहादुर स्याङतान र बाजेको नाम लाल बहादुर स्याङतान रहेको र निवेदक संग सक्कल जग्गाधनी पूर्जा नभई प्रतिलिपी पूर्जा मात्र भएको । यसमा निवेदकको माग दाबी सत्य नभई झुठा भए वा मृतक ज.ध.का अन्य कोही हकदार भए वा निवेदकको माग बमोजिम भई जाँदा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकूल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्र मालपोत कार्यालय शिखरकोट मकवानपुरमा स–प्रमाण दाबी–उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

## थाहानगरमा नारी......

हो । पालुङ जेसीज सभाहलमा भएको कार्यक्रममा शुभकामना आदानप्रदान समेत गरिएको थियो ।

थाहा नगरपालिकाका प्रमुख लवशेर बिष्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाली काँग्रेस प्रदेश २ (क) का उपसभापति इश्वरी ठकुरी, नेकपा माओवादी केन्द्र निकट अनेमसंघ क्रान्तिकारी नगर अध्यक्ष शकुन्तला गोपाली, नेकपा एमालेका थाहानगर नेतृ कल्पना बलामी, लाली गुराँस महिला बहुउद्देश्यीय सहकारी सस्थाका अध्यक्ष रिता प्रधान, थाहा नगरपालिका कार्यपालिका महिला सदस्य जानुका ढकाल तथा थाहा नगरमा निर्वाचित महिला जनप्रतिनिधि, महिला समूहहरूका अध्यक्षहरूको आतिथ्य रहेको थियो।


कार्यक्रममा शुभकामना दिदै प्रमुख अतिथि लबशेर बिष्टले जनयुद्ध र जन आन्दोलनको जगमा संविधानमा नै महिला हक अधिकार सुनिश्चित गरिसकेकोले अब महिलाहरूले देश र समाजको नेतृत्व तहमा आफ्नो पहुँच पुऱ्याउन महिला अग्रसर हुनुपर्नेमा जोड दिदै न्यायमा महिलाहरूको समान पहुँच पुऱ्याउन आफ्नो तर्फबाट सक्दो प्रयास हुने बताए । कार्यक्रममा शुभकामना दिनेहरूले नगरपालिकाको उपल्लो तहमा महिलाको पहुँच नपुगेकोले थाहानगरमा आगामी स्थानीय निर्वाचनमा उपमेयरका उमेदवार जुनसुकै पार्टीले पनि महिलालाइ टिकट दिन आग्रह गरेका थिए ।

थाहा नगरपालिका सामाजिक विकास समिति संयोजक किरणमान बलको सभाध्यक्षतामा भएको कार्यक्रम महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखा प्रमुख प्रतिमा मोक्तानले संचालन गरेकी थिइन् । कार्यक्रममा विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनीधि र महिलाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने



जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने



पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने



**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी